# कविलासी नगरपालिका

## कविलासी, सर्लाही

## नगर कार्यपालिकाको बैठक पुस्तिका

बैठक संख्याः

बैठक मिति २०७९।०६।०५

आज मिति २०७९ साल आश्विन ०५ गते बुधवार बिहान ८:०० बजे कविलासी नगरपालिका, नगर कार्यपालिकाका प्रमुख श्री ब्रह्मदेव रायज्यूको अध्यक्षता एवं निम्न उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरियो ।



**उपस्थिति**

| सि.नं. | पद | पदाधिकारीको नाम, थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | प्रमुख | श्री ब्रहदेव राय | नगर कार्यपालिका | |
| २ | उपप्रमुख | श्री पुनम कर्ण | नगर कार्यपालिका | |
| ३ | वडा अध्यक्ष | श्री दिपलाल यादव | वडा नं. १ | |
| ४ | वडा अध्यक्ष | श्री राम पुकार मण्डल | वडा नं. २ | |
| ५ | वडा अध्यक्ष | श्री राम बिश्वास राय | वडा नं. ३ | |
| ६ | वडा अध्यक्ष | श्री गिरधारी राय | वडा नं. ४ | |
| ७ | वडा अध्यक्ष | श्री सुरेन्द्र राय | वडा नं. ५ | |
| ८ | वडा अध्यक्ष | श्री पुरुषोत्तम राय | वडा नं. ६ | |
| ९ | वडा अध्यक्ष | श्री धरबेन्द्र राय यादव | वडा नं. ७ | |
| १० | वडा अध्यक्ष | श्री बिरेन्द्र प्रस. साह | वडा नं. ८ | |
| ११ | वडा अध्यक्ष | श्री राम दिनेश राय | वडा नं. ९ | |
| १२ | वडा अध्यक्ष | श्री संजय महतो | वडा नं. १० | |
| १३ | का.पा. सदस्य | पानवती देवी मुखिया | नगर कार्यपालिका | |
| १४ | का.पा. सदस्य | रिना कुमारी | नगर कार्यपालिका | |
| १५ | का.पा. सदस्य | शोभा कुमारी | नगर कार्यपालिका | |
| १६ | का.पा. सदस्य | निलम देवी | नगर कार्यपालिका | |
| १७ | का.पा. सदस्य | ईंकु कुमारी | नगर कार्यपालिका | |
| १८ | का.पा. सदस्य | राम एकवाल महतो | नगर कार्यपालिका | |
| १९ | का.पा. सदस्य | बिनय कुमार कर्ण | नगर कार्यपालिका | |
| २० | का.पा. सदस्य | राम नारायण राउत | नगर कार्यपालिका | |
| २१ | प्र शाखा प्रमुख | श्री राम वचन राय | कविलासी न.पा. | |
| २२ | सचना प्रविधि अ. | श्री जयबिर यादव | कविलासी न.पा | |
| २१ | प्र.प्रशासकीयअधिकृत | उदय प्रसाद देवकोटा | नगर कार्यपालिका | |

वैठक मिति : २०७९/०६/०५

निर्णयका लागि पेश भएका प्रस्तावहरु

१. ठेक्काको म्याद थप गर्ने सम्बन्धमा ।
२. जनता मा.वि.सलेमपुरको भवन निर्माणको (ठेक्काको) डिजाईन परिर्वतन तथा रकम भेरिएसन सम्बन्धमा ।
३. खुला दिशा मुक्त अभियानको लागि प्रचार प्रसार तथा खुला दिशा गर्ने व्यक्तिलाई जरिवाना गर्ने सम्बन्धमा ।
४. बाटो तथा सार्वजनिक क्षेत्र अतिक्रमण हटाई सरसफाई गर्ने सम्बन्धमा ।
५. कब्बडी खेललाई रकम विनियोजन सम्बन्धमा ।
६. निरक्षर उपभोक्ता समितिका पदाधिकारीहरुको रकम भुक्तानि सम्बन्धमा ।
७. दशै तिहार तथा छठको लागि उज्यालो वडा कार्याक्रमका लागि रकम विनियोजन सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा मदनपुर बालमिकि आश्रम देखि गरगटनाथ गढिमाई सरलहिया हुदै पिपरिया बजार सम्म कालो पत्रे सडक निर्माणको ठेक्का को म्याद गत असार मै समाप्त भएको र उक्त ठेक्काको लागि आवश्यक पर्ने बाकि रकम चालु वर्षको विनियोजन ऐनमा छुट भएको हुदा उक्त ठेक्काको बाकि रकम रु. ३,२५,००,०००।- अगामि हिउदे सभामा बजेट संसोधन गरि उक्त रकम व्यवस्था गर्ने र ठेक्काको म्याद समाप्त भएकै मिति देखि लागु हुने गरि म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ को सलेमपुर जनता मा.वि.को भवन निर्माणको (ठेक्काको) डिजाईन परिर्वतन तथा रकम भेरिएसन सम्बन्धी प्रस्तावमा छलफल गर्दा सुरुवातमा डिजाईन तथा Drawing गरि सोको आधारमा लागत अनुमान तयार गरि ठेक्का सम्झौता भई भवन को जग खन्दा विद्यालयको जग्गाको सवैतिर गिलोमाटो -दलदल) भेटिएको र भवनको डिजाईन गर्ने वेला माटो परिक्षण नगरि ठेक्का बन्दोबस्त गरेको हुदा उक्त भवनको जगको फाउनडेसन Isolated Design वाट Raft Foundation Design गर्नु पर्ने भएकोले सोको लागि RCC को Quantity वढने भएकोले सो वढेको Quantity को लागि भेरिएसन गर्नको लागि आवश्यक पर्ने वजेट रकम आउने सभावाट व्यवस्ता गर्ने र सो भवनको डिजाईन परिवर्तन गरि काम गराउने निर्णय गरियो ।

निर्णय नं. ३

प्रस्ताव नं. ३ को खुला दिशा मुक्त अभियानको लागि प्रचार प्रसार तथा खुला दिशा गर्ने व्यक्तिलाई जरिवाना गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाको प्रायजसो सवै वडामा खुला दिसा गर्ने गरेको कारण ले खुला दिसा लाई निषेध गर्नेको लागि तथा सरसफाईको जनचेतनाको लागि सरसफई सिर्षकवाट खर्च हुने गरि १ महिना सम्म माईकिङ्ग प्रचार पंम्पलेट तथा ठुला ठुला होडिङ्ग वोर्डहरु निर्माण गरि ठाउँ ठाउँमा राख्ने र खुला दिशा मुक्त अभियान संचालन गर्नेको लागि रु १०,००,०००।- वजेट विनियोजन गरि खर्च गर्ने र खुला दिशा गर्ने व्यक्तिलाई रु २१०० (अक्षेरुपि दुई हजार एक सय मात्र) जरिवना गरि उक्त जरिवनाको रकम प्रोत्साहन स्वरुप सुरक्षाकर्मिलाई प्रदान गरिने निर्णय गरियो ।

निर्णय नं.४

प्रस्ताव न.४ को वाटो तथा सार्वजनिक क्षेत्र अतिक्रमण हटाई सरसफाई सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाका सवै सडक तथा सर्वजनिक स्थानहरुमा भएको अत्तिक्रमन हटाई सड्क तथा सर्वजनिक स्थानहरु सरसफाई गर्ने र सार्वजनिक स्थानमा वा सडकमा माल वस्तु राखि फोहर गरेमा फोहरमैला ऐन तथा नियमानुसार रु ११,०० (अक्षेरुपि एक हजार एक सय मात्र) जरिवाना गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ को कवडी खेललाई रकम विनियोजन गर्ने सम्वन्धी प्रस्तावमा छलफल गर्दा यस नगरपालिकाका कव्वडी खेलका खेलाडीहरु मिलेर खेलखुद समिति वनाई नगर स्तरिय कव्वडी खेल प्रतियोगिता संचालनका लागि रकम माग गरेकोमा उक्त रकम नगर स्तरिय कव्वडी खेल संचालनका लागि खेलकुद शिर्षकवाट रु २,००,०००।- विनियोजन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

प्रस्ताव नं. ६ को निरक्षर उपभोक्ता समितिका पदाधिकारीहरुको रकम भुक्तानि सम्वन्धी प्रस्ताव मा छलपल गर्दा यस नगरपालिकाका वहुसंख्यक जन्ताहरु निरक्षर भएको कारणले उपभोक्ता समितिका पदाधिकारीहरु पनि निरक्षर भएका र निरक्षर पदाधिकारी राखि सम्झौता भईसकेका योजनाहरुको रकम निरक्षर उपभोक्ता समिति भएपनि भुक्तानि गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ को दशै तिहार तथा छठ पर्वका लागि उज्यालो वडा कार्यक्रमका लागि रकम विनियोजन सम्बन्धी प्रस्तावमा छलफल गर्दा हिन्दुहरुको महान पर्वहरुमा उज्यालो वडा कार्यक्रम संचालनका लागि देहाय बमोजिमको रकम नगरपालिकको विविध कार्यक्रमको शिर्षकबाट खर्च हुने गरि विनियोजन गर्ने र उक्त रकम वडा कार्यालय मार्फत संचालन गर्ने निर्णय गरियो ।

तपसिल

| वडा नं. | कार्यक्रमको नाम | कार्यक्रम स्थल | विनियोजित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| २ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ३ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ४ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ५ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ६ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ७ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ८ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| ९ | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |
| १० | उज्यालो वडा कार्यक्रम | वडा भरि | ९५,०००।- | |